## (१) सन् २०२५ सालमा सिमिन-जेइ/केनमिन-जेइ (नगर तथा प्रान्तीय कर) को घोषणा बारे जानकारी !

नगर तथा प्रान्तीय कर भनेको, जनवरी १ तारीख़मा तोचिगी नगरमा ठेगाना भएको व्यक्ति, एक निश्चित रकम भन्दा बढ़ी तलब आदि प्राप्त गर्ने व्यक्तिहरु र विदेशीहरुले पनि तिर्नु पर्ने आवश्यक कर हो।

नगर तथा प्रान्तीय कर चाँही, आफु बसेको नगर तथा बजारमा तिर्ने कर हो र यसलाई "ज्युउमिन्-जेइ" (आवासीय कर) पनि भनिन्छ। आवासीय कर भनेको समुदायमा बसोबास गर्ने मानिसहरूले समुदायको लागतमा बाँडफाँड गर्ने कुरा हो, र यसलाई शिक्षा, कल्याण र फोहोर फाल्ने जस्ता दैनिक जीवनसँग सम्बन्धित सार्वजनिक सेवाहरूको लागि प्रयोग गरिन्छ।

कर बापत भुक्तान गर्नुपर्ने रकम अधिल्लो बर्षको जनवरी १ देखि डिसेम्बर ३१ सम्म प्राप्त तलब आदिबाट निर्धारण गरिन्छ। कम्पनीको लागि काम गर्नेहरूका लागि, कम्पनीले उनीहरूको तलबबाट आवासीय कर अग्रिम रूपमा काट्छ, र यसलाई "तेन्बिकी" (कटौती) भनिने विशेष सङ्कलनको रूपमा शियाकुस्योमा तिर्छ। यो कम्पनीको लागि काम गर्नेहरूका लागि सामान्य नियम हो र आफैले शियाकुस्यो सम्म गएर यो कर तिर्न आवश्यक छैन। तपाईंले तिर्नु भएको आवासीय करको रकम तपाईंले आफ्नो कम्पनीबाट हरेक महिना प्राप्त गर्ने पे स्लिपमा लेखिएको हुन्छ।

कम्पनीले, सन् २०२५ साल जनवरी १ सम्ममा, तोचिगी नगरमा ठेगाना भएका व्यक्तिहरुलाई सन् २०२४ सालमा तलब भुक्तानी गरेको सबैको "तलब भुक्तानी प्रमाणपत्र" जनवरी ३१ तारीख़ सम्ममा पेश गर्नुपर्ने नियम छ।

तर, काम गर्ने ठाऊँ (कम्पनी) बाट शियाकुस्योमा "तलब भुक्तानी रिपोर्ट" पेश नगरीएकाहरुको लागि कर फिर्ता घोषणा गर्न आवश्यक छ।

कर फिर्ता घोषणा गर्ने अवधि चाँही, फेब्रुअरी १७ तारीख़ देखि मार्च १७ तरीख़को बिचमा हो। कर फिर्ता घोषणाको आवेदन दर्ता गर्न, अग्रिम आरक्षण प्रणाली भएकोले, आरक्षणको लागि समर्पित नम्बरमा फोन गरेर आवेदन गर्नु पर्दछ।

नगरको कर फिर्ता घोषणा स्थलमा पनि दर्ता गर्न सकिन्छ तर विदेशी आश्रितहरुको लागि कर कटौती लागू गर्नुपर्ने जस्ता आवेदनहरु चाँही तोचिगी कर कार्यालय मै गएर दर्ता गराउनु पर्दछ।

कृपया ध्यान दिनुहोस् कि यदि तपाईंले आवासीय कर तिर्नु भएको छैन भने, तपाईंको बसाइको अवधि बढाउनको लागि तपाईंको आवेदन स्वीकृत नहुन सक्छ।

**(२) विद्यालय भर्ना सहायता प्रणाली “नयाँ विद्यार्थीका लागि विद्यालय आपूर्ति खर्च” भर्ना अघि भुक्तानी बारे जानकारी !**

सन् २०२५ साल अप्रिल महिनामा प्राथमिक/माध्यमिक विद्यालयमा भर्ना हुने योजना भएका बच्चा भएका तर आर्थिक कारणले स्कूलको झोला र ड्रेस जस्ता भर्ना हुनुअघि आवश्यक वस्तुहरु किन्न कठिनाई भएका परिवारहरूका लागि, विद्यालय भर्ना सहायता खर्चको नयाँ भर्ना विद्यार्थीका लागि विद्यालय आपूर्ति खर्च, भर्ना हुनु अगावै मार्च महिनामा भुक्तान गरिनेछ।
उक्त सहायता पाउन योग्य व्यक्तिहरु र आवेदन गर्ने तरिका आदि, विस्तृत जानकारीको लागि, शियाकुस्योको प्रधान कार्यालय चौथो तल्ला, क्योउइकु सोउमु-का फोन ०२८२-२१-२४६२ मा सम्पर्क गर्नुहोला। आवेदन दिने अवधि, फेब्रुअरी महिनाको ७ तारीख़ सम्म रहेकोछ।

**(३) "यामि बाईतो" (बिना इजाजतपत्रका पार्टटाइम कामहरू) अपराध हुन् ।**

बिना इजाज़तपत्रका पार्टटाईम कामहरु, **X** अथवा **Instagram** जस्ता **SNS** (सामाजिक सञ्जाल साइटहरू) मा साथै अनलाइन बुलेटिन बोर्डहरूमा छोटो समयमा उच्च आम्दानी गर्न सकिने भनेर मीठा शब्दहरु प्रयोग गरेर विज्ञापन गरिएका कामहरू हुन् ।
यस्ता कामहरुमा आवेदन दिनुभयो भने, जालसाज़ीको (जस्तै, ठगी रकम/सामान आदिको) प्राप्तकर्ता अथवा निकास कर्ता, लूटपाटका अपराध आदिमा अपराधिक संगठनको कठपुतलीको रूपमा प्रयोग भई, आफु पनि एक अपराधी बन्ने जोखिममा पर्नुहुन्छ ।
एकपटक यस्ता काममा आवेदन गरेपछि, आवेदन गर्ने बेलामा तपाईंको व्यक्तिगत जानकारीहरु पठाउन भनिन्छ, होईन म यस्तो काम गर्दिन भनेर त्याग्न चाहेपनि धम्कीहरु दिईन्छ र प्रहरीले पक्राऊ नगरेसम्म त्याग्न सकिन्न ।
"उच्च-भुक्तानी गर्ने पार्टटाईम काम", "उही दिन नगद," र "सजिलो उच्च आय" जस्ता मीठो शब्दहरूबाट नठगिनु होला ।
त्यहाँ कुनै त्यस्तो पार्ट-टाइम काम छैन जहाँ सजिलैसँग धेरै पैसा कमाउन सकिन्छ । यदि तपाईलाई शंका लाग्छ भने, कृपया सकेसम्म चाँडो आफ्नो परिवार, साथीहरू, वा प्रहरीलाई सम्पर्क गर्नुहोस् । प्रहरी परामर्श नम्बर **# (sharp)** 9110 हो ।

**(४) "रगतमा चिनीको मात्रा उच्च" भनियो भने …मधुमेह ! यसबारे महत्वपूर्ण जानकारी !**

मधुमेह, सम्पूर्ण शरीरका रक्त नलीहरु र स्नायुहरुलाई क्षति पूर्याउने एक "प्रणालिगत रोग" हो। रोग नबढ़ेसम्म लगभग कुनै व्यक्तिपरक लक्षण हुँदैन। त्यसैले, यदि यसको उपचार नगरेर बसेमा, यसले हृदयघात र मुटुको रोग जस्ता गम्भीर बीमारी निम्त्याउन सक्छ।

रोगको प्रगति रोक्न र जटिलताहरु (एउटा रोग जुन कुनै प्रकारको शल्यक्रिया वा परीक्षणको परिणामको रूपमा विकसित हुन्छ) रोक्नको लागि, जाँच गराएर लगातार हाइपरग्लाइसेमिया (रगतमा चिनीको मात्रा उच्च) को छिट्टै पत्ता लगाएर, उपचार र आत्म-व्यवस्थापन शुरू गर्न महत्वपूर्ण छ। विशेष महत्व भनेको खाने बानी सुधार्नु र व्यायाम गर्नु हो।

मधुमेह रोक्न र सुधार गर्न, वर्षमा एक पटक स्वास्थ्य जाँच गराउनुहोस् !